म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक ४४ | मंगलबार, ३१ भदौ २०८२ | ने. सं. ११४५ जललगा | 16 September 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चोरीका सामान फिर्ता गर्न अख्तियारको आग्रह

हेटौंडा, ३० भदौ/अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रर्दशनको क्रममा चोरी भएका सामान फिर्ता गर्न आग्रह गरेको छ । सोमबार सूचना जारी गर्दै भदौ २३ र २४ गते प्रर्दशनको क्रममा चोरी भएका जिन्सी सामान फिर्ता गर्न आग्रह गरेको हो । अख्तियारले भदौ २४ गते केन्द्रीय कार्यालय काठमाडौंसहित इटहरी, पोखरा, हेटौंडा, बुटवललगायतका कार्यालयबाट चोरी तथा लुटपाट भएको जनाएको छ । त्यसक्रममा सवारी साधन, टिभी, कम्प्युटर, माइक्रो ओभन, विभिन्न साइजका हार्डडिस्क, स्क्यानर, क्यामेरा, आइप्याड, मोवाइल, ल्यापटप, हिटर, पंखा चोरी भएको छ । सिसीटिभी फुटेजमार्फत् चोरी गर्नेलाई पहिचान गर्ने काम भइरहेकाले तत्काल सामान फिर्ता गर्न भनिएको छ । अन्यथा अख्तियार कानुनी प्रक्रियामा अगाडि बढ्ने चेतावनी दिइएको छ ।

### अन्तरिम सरकारका तीन मन्त्रीले लिए शपथ

# आन्दोलनमा मारिनेहरुको सम्मानमा राष्ट्रिय शोक मनाउने

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारका तीन मन्त्रीले पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

सोमवार बिहान नवनियुक्त मन्त्रीहरु कुलमान घिसिङ, ओमप्रकाश अर्याल र रामेश्वर खनाललाई राष्ट्रपति रामचन्द्र पौडेलले पद तथा गोनपनीयताको शपथ गराएका हुन् । प्रधानमन्त्री कार्कीले आईतवार घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सहरी विकास, अर्याललाई गृह र कानून तथा संसदीय मामिला र खनाललाई अर्थमन्त्रीमा नियुक्त गरेकी हुन् ।



जेनजी पुस्ताको आन्दोलन उग्र भएपछि प्रधानमन्त्री केपी शर्माओलीले पदबाट राजीनामा दिएका थिए । जेनजीको प्रश्तावमा राष्ट्रपति पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । नवनियुक्त मन्त्रीहरुले सोमवार नै पदभार ग्रहण गरेका छन् । सरकारले जेनजी आन्दोलनको क्रममा मारिएकाहरुको सम्मानमा राष्ट्रिय शोक मनाउने भएको छ ।

गृह तथा कानून, न्याय तथा संसदीय मामिलामन्त्री अर्यालले सोमवार सिंहदरवारमा पुगेर पदभार ग्रहण गरेलगत्तै यो निर्णय गरेका हुन् । त्यसैगरी मन्त्री अर्यालले काजकिरिया खर्चबापत मृतकका परिवारलाई एक/एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको बताए । त्यसैगरी मृतकको शव व्यवस्थापनका लागि निःशुल्क सवारीसाधन र दुर्गम क्षेत्रका लागि हेलिकप्टर उपलब्ध गराउने निर्णय पनि गरिएको छ ।

'प्रर्दशनकारी र सुरक्षा निकायका कर्मचारीको सम्मानस्वरुप राष्ट्रिय शोकको रुपमा मनाउने र राष्ट्रिय झण्डा आधा झुकाउने भन्ने एउटा निर्णय छ । मृतकहरुको परिवारलाई काजकिरियावापत प्रतिमृतक १ लाख रुपैयाँ उपलब्ध गराउने, त्यसका लागि रकमको व्यवस्थापन अर्थ मन्त्रालयले गर्ने निर्णय भएको छ । परिवारका सदस्यहरुको आग्रह बमोजिम मृतकको शव व्यवस्थापनका लागि निःशुल्क सवारीसाधन एवम् दुर्गमको हकमा हेलिकप्टरको व्यवस्थापन गर्ने निर्णय गरेका छौं' उनले भने ।

यसैगरी गृहमन्त्री अर्याले जेनजी आन्दोलनको क्रममा भएको बल प्रयोगको घटनालाई छानवीन गर्नुपर्ने कुरालाई आफूले पहिलो प्राथमिकतामा राखेको बताए । जेनजी आन्दोलनपछि मुलुकलाई सामान्य अवस्था फर्काउन र कानूनी राज्यको प्रत्याभूति दिलाउन पनि सरकारले आन्दोलनका क्रममा भएको बल प्रयोगको घटनाको निष्पक्ष छानवीनको कामलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने अवस्था आएको गृहमन्त्री अर्यालको भनाई थियो । उनले जेनजी आन्दोलनलाई जनविद्रोहको संज्ञा दिँदै त्यसक्रममा भएका भएका जनधनको क्षतिलाई सबैले मिलेर सम्बोधन गर्नुपर्ने बताए । गृहमन्त्री अर्यालले नयाँ पुस्ताको मागअनुसार अघि बढन पनि कर्मचारीलाई निर्देशन दिए ।

**डेडिकेटेड र ट्रंकलाइनको वक्यौता रकम असुल्न निर्देशन**

त्यसैगरी नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले मुलुकलाई स्थायित्व र विकासतर्फ अघि बढाउन सबै पक्षको सहकार्य अपरिहार्य रहेको बताए ।

सिंहदरबारमा सम्बन्धित मन्त्रालयका कर्मचारीसँगको छलफलमा उनले मुलुकलाई पुनःनिर्माण, राजनीतिक स्थिरता र समृद्धितर्फ अघि बढाउन आफू कटिवद्ध रहेको बताए । मन्त्री घिसिङले जेनजी पुस्ताले अपनाएको हिंस्रक बाटो छोडेर समाधानतर्फ लाग्नुपर्नेमा जोड दिए । उनले विगतका कमजोरीलाई नदोहोऱ्याउन आग्रह गर्दै जिम्मेवारी लिने संस्कृतिको विकास गर्न सबैलाई आग्रह गरे ।

'अब हिंसा होइन समाधान हाम्रो बाटो हो । हामीले जे गऱ्यौं त्यसलाई अब रोकौं । अब हामीले पुनः निर्माणतिर लाग्नुपर्ने हुन्छ । देशलाई एउटा समृद्धिको बाटोमा अगाडि बढाउनुपर्नेछ । राजनीतिक स्थिरता पनि ल्याउनु पर्नेछ । देश रहेमात्र हामी रहन्छौं । उडेर मात्रै हुँदैन अब सही अवतरण गर्नुपनि हाम्रो दायित्व हुनेछ । जिम्मेवारी लिने हो भाग्ने होइन । जिम्मेवारी लिएर अगाडि बढ्नुपर्छ । मुलुकलाई सही दिशामा अगाडि बढाउने काम तपाईहरुको सहयोगबिना सम्भव छैन' उनले भने ।

यसअघि पदभार सम्हाल्दै मन्त्री घिसिङले डेडिकेटेड र ट्रंकलाइनको वक्यौता रकम असुल्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेका थिए । उनले आफू प्राधिकरणको कार्यकारी निर्देशक हुँदा वक्यौता असुल्ने प्रयास गरेका थिए । तर, तत्कालीन सरकारले यसमा रोकावट मात्र गरेन बरु उल्टै घिसिङलाई पदच्युत गरी ओली सरकारले हितेनद्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त गरेको थियो ।

**पूर्वतयारी नभएका र टुक्रे आयोजना कार्यान्वयन नगर्ने**

यसैगरी अर्थमन्त्री मन्त्री खनालले पूर्वतयारी नभएका र टुक्रे आयोजना कार्यान्वयन नगर्ने पहिलो निर्णय गरेका छन् । उनले भने, 'अबको प्राथमिकता युवाका माग पूरा गर्नुछ, निर्वाचन गर्नुछ, त्यसकारण खर्च कटौती गर्न यो निर्णय गरिएको हो ।'

अर्थमन्त्री खनालले करिब १०० जना युवाको ज्यानको बलिदानपछि ठूलो परिवर्तनको अवस्था आएको भन्दै यो नासोलाई पूरा गर्ने जिम्मेवारी हामी सबैको काँधमा आएको बताए । उनले भने, '६०/७० जनाको अनुहार चिनिरहेको छु, अहिले हामी अर्कै भूमिकामा छौं, यो करिब १०० जना युवाले ज्यान दिएर यो अवस्था आएको हो । विध्वंस त भयो तर, ठूलो परिवर्तनका लागि यो भएको हो । युवाले यो जिम्मेवारी हामीलाई सुम्पिएका हुन् । हामीले लिएको यो नासो पूरा गर्ने हामी सबैको जिम्मेवारी हो ।'

अब सिंहदरबार सहित सार्वजनिक र अन्य सम्पत्तिको पुनर्निर्माणमा लाग्नुपर्ने उनले बताए । सार्वजनिक सम्पत्तिको बीमा नहुने भन्दै उनले धेरै खर्च सरकारले नै व्यहोर्नुपर्ने उनले बताए । ऊर्जामन्त्रीमा नियुक्त घिसिङ यसअघि नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक थिए । गृहमन्त्री अर्याल काठमाडौं महानगरपालिकाको कानूनी सल्लाहकार रहेका थिए । अर्थमन्त्री नियुक्त खनाल पूर्व राजश्वसचिव हुन् ।

## फागुन २१ को निर्वाचनबारे छलफलमा जुट्यो निर्वाचन आयोग




साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ निर्वाचन आयोग आगामी फागुन २१ गते हुनेगरी तय भएको प्रतिनिधि सभा निर्वाचनको तयारीबारे छलफलमा जुटेको छ ।

हालसम्म गृहमन्त्रालयले निर्वाचनको मितिबारे निर्वाचन आयोगलाई औपचारिकरुपमा जानकारी गराएको छैन । तथापि, आयोगले मतदाता संकलन गर्ने लगायतका विषयमा भने आयोगले छलफल सुरु गरिसकेको निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए । 'निर्वाचनको मिति राष्ट्रियरुपमा घोषणा भएको विषय हो । राष्ट्रिय रुपमा घोषणा भएकोले यो विषयलाई स्वतः जानकारीमा लिएर छलफल सुरु गरिएको छ,' घिमिरे भन्छन्, 'मतदाता नामावली कसरी संकलन गर्ने भन्ने विषयमा छलफल चलिरहेको छ ।'

राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरी आगामी फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन मिति घोषणा गरेका छन् । यो घोषणापछि निर्वाचन आयोगले प्रतिनिधिसभा अन्तर्गत रुपन्देहीको क्षेत्र नम्बर ३ मा हुने भनिएको उपनिर्वाचन रद्द गरेको छ । यो क्षेत्रमा आगामी कातिक १७ गते उपनिर्वाचन गर्ने तय भएको थियो । मनाङको प्रदेशसभा क्षेत्र २ मा भने कात्तिक १७ मै उपनिर्वाचन हुने आयोगले जनाएको छ ।

निर्वाचन आयोगका सूचना अधिकारी घिमिरेले भनेका छन्, 'प्रदेशको हकमा अन्यथा निर्णय नभएकोले केही बोलिरहनु परेन । मनाङको प्रदेशसभा क्षेत्र २ मा कात्तिक १७ मै उपनिर्वाचन हुन्छ ।' २०७९ मंसिर ४ मा सम्पन्न प्रदेशसभा क्षेत्र निर्वाचनमा मनाङ प्रदेशसभा क्षेत्र २ बाट स्वतन्त्र उम्मेदवार राजीव गुरुङ (दीपक मनाङे) निर्वाचित भएका थिए । ज्यान मार्ने उद्योग गरेको मुद्दामा मनाङेलाई सर्वोच्च अदालतले जेल सजाय सुनाएको थियो ।

यही मुद्दामा सर्वोच्चले गण्डकी प्रदेशसभा सदस्यको हैसियतमा पदमा बस्न मनाङे अयोग्य रहेको फैसला गरेको थियो । त्यसयता मनाङ प्रदेशसभा क्षेत्र २ रिक्त छ । प्रदेशसभाअन्तर्गत् खाली रहेको स्थानमा उपनिर्वाचन गर्ने र आगामी फागुनमा हुने आम निर्वाचनको तयारी पनि अगाडि बढाउने गरी आयोग छलफलमा जुटेको हो ।






## मानवअधिकार आयोगको नौ बुँदे आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ राष्ट्रिय मानवअधिकार आयोगले जेनजी आन्दोलनका क्रममा मृत्यु भएकाहरुको शवपरीक्षण गर्नुपर्ने सहित नौ बुँदे आह्वान गरेको छ ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जारी गरेको प्रेस विज्ञप्तिमा आन्दोलनका क्रममा मृत्यु भएकाहरुको परीक्षण, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायत कार्यमा विशेष ध्यान दिनुपर्ने उल्लेख छ । 'देश, जनता, लोकतन्त्र, मानवअधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकार भएकाहरुको सहभागितामा आगामी कार्यहरु अगाडि बढाउनु जरुरी छ', विज्ञप्तिमा भनिएको छ, 'अन्यौलपूर्ण अवस्थालाई तात्विक निष्कर्षमा पुऱ्याउन सबैले धैर्य र संयमतापूर्वक अगाडि बढ्नुपर्छ ।'




आफ्ना अभिव्यक्तिहरु सार्वजनिक गर्दा अरुको अधिकारको सम्मान गर्दै शिष्टता र नम्रतापूर्वक सम्प्रेषण गर्न, द्वन्द्व र हिंसालाई प्रश्रय दिने अभिव्यक्ति नदिन र आफ्ना मागहरु लोकतान्त्रिक विधि र प्रक्रियाअनुरुप शिष्टतापूर्वक राख्न आयोगले आग्रह गरेको छ । विकसित परिस्थितिमा आम नागरिकको मानवअधिकारको उपभोगमा आइपर्ने अवरोध पहिचान गरी त्यस्ता अवरोध हटाउन प्रभावकारी कार्य गर्नुपर्ने र संकटको अवस्थामा हुनसक्ने कालोबजारी र कृत्रिम अभावलाई नियन्त्रण गर्न आयोगको आग्रह छ ।

दैनिक उपभोग्य सामग्री र सेवालाई सहजरुपले सञ्चालन गर्ने आवतजावतलाई सहज बनाउनुपर्नेमा जोड दिएको छ । 'प्रदर्शनका क्रममा भएका आगजनी र तोडफोडबाट भएको क्षति विवरण संकलन गरी भौतिक पुनर्निर्माण र सेवाप्रवाहमा जोड दिनुपर्छ', विज्ञप्तिमा भनिएको छ, 'संकटपूर्ण अवस्थालाई सामान्यीकरण गर्न सबै संघसंस्था र नागरिक समाजले जिम्मेवार नागरिकको दायित्व पूरा गर्नुपर्छ ।'

साझाकुरा

## हाम्रो कुरा

# २० अर्ब बढीको बीमादाबी पर्नसक्ने

जेनजी आन्दोलनका क्रममा राजधानी काठमाडौंसहित देशका विभिन्न सहरमा तोडफोड, आगजनी र लुटपाट हुँदा निजी तथा व्यावसायिक क्षेत्रमा खर्बौं रुपैयाँबराबरको क्षति भएको छ । यसले बीमाक्षेत्रमा मात्रै २० अर्ब रुपैयाँभन्दा बढीको दाबी पर्न सक्ने अनुमान गरिएको छ । मुलुकको सबैभन्दा महत्वपूर्ण प्रशासनिक केन्द्र सिंहदरबार सहित देशभरका सार्वजनिक सम्पत्तिको पुनर्निर्माणमा राज्यले ठूलो धनराशी लगानी गर्नु पर्ने हुन्छ । सार्वजनिक सम्पत्तिको बीमा नहुने भएका कारण सबै खर्च सरकारले नै व्यहोर्नु पर्ने हुन्छ । निजी क्षेत्रको संरचनामा भने बीमा गरिएको अवस्थामा बीमा कम्पनीले जोखिम कभरेज गर्ने गरेको छ । नेपालका बीमा कम्पनीहरुले हुलदंगाको पुनर्बीमा नेपाल रिइन्स्योरेन्समा मात्रै गरेको पाइएको छ । यस अर्थमा गत भदौ २३ र २४ गते जेनजी आन्दोलनको कारण भएको क्षतिको ठूलो दबाब नेपाल रिमा पर्ने देखिएको छ । हिमालयन रि इन्स्योरेन्स भने यसपटकको हुलदंगा बीमा क्षतिको भुक्तानी दिनुपर्ने दबाबबाट जोगिएको छ । सामान्यतया कुनै पनि बीमा कम्पनीले जारी गरेको बीमाको जोखिमलाई पुनर्बीमा कम्पनीले बाँडफाँड गर्ने गर्छन् । हुलदंगा बीमाको हकमा पनि यही लागू हुन्छ ।

हुलदंगाबाट सिर्जित क्षतिको दाबी भुक्तानी ३५ प्रतिशत बीमा कम्पनीबाट र ६५ प्रतिशत रिइन्स्योरेन्स कम्पनीबाट बाँडफाँट हुने प्रावधान छ । हुलदंगाको पुर्नबीमा अन्तर्राष्ट्रिय पुनर्बीमा कम्पनीहरुसँग पनि गरिएको छ । नेपाल बीमा प्राधिकरणले आइतबारदेखि सबै बीमा कम्पनीलाई पूर्ववत्रुपमा कार्यालय सञ्चालनमा ल्याउन निर्देशन दिएको छ । प्राधिकरणले विगत केही दिनदेखि उत्पन्न विषम परिस्थिति हाल सामान्य बन्दै गएकाले पूर्ववत् कार्यालय सञ्चालनमा ल्याउन आग्रह गरेको हो । सुरक्षा निकायले कर्फ्यू र निषेधाज्ञा हटाउँदै लगेकाले सम्पूर्ण बीमा कम्पनी र तिनका शाखा कार्यालय पूर्णरुपमा सञ्चालन गर्न आग्रह गरेको हो । प्राधिकरणले भौतिकरुपमै कार्यालयमा उपस्थित भई कार्य गर्न गराउन अनुरोध गरेको सूचनामा उल्लेख छ । यसअघि प्राधिकरणले यही भदौ २३ र २४ गतेको आन्दोलन तथा प्रदर्शनका कारण भएको क्षतिको बीमादाबी भुक्तानीको कामलाई सहज र सरल बनाउन निर्देशन दिइसकेको छ । आन्दोलनकारीले भाटभटेनी सुपरमार्केटलाई सबैभन्दा ठूलो निसाना बनाए । काठमाडौं उपत्यकाका नक्साल, महाराजगञ्ज, बौद्ध, कोटेश्वर, राधेराधे, कलंकीलगायत १४ शाखामा आगजनी र लुटपाट हुँदा सबै संरचना ध्वस्त बने । विराटनगर, पोखरा, हेटौंडा, धरान, दमक, बिर्तामोड र भरतपुरका शाखा पनि आक्रमणमा परे । भाटभटेनीको मात्र अर्बौंको क्षति भएको छ । हिल्टन होटल, एनसेलको केन्द्रीय कार्यालय, ग्लोबल कलेज, सेन्ट्रल बिजनेस पार्क, थापाथलीस्थित हुन्डाई, सुजुकी र टाटा मोटर्सका शोरुममा आगजनी हुँदा करोडौंको सम्पत्ति नष्ट भएको छ ।

चौधरी ग्रुपको सतुंगलस्थित डिजिटल पार्क, कारखाना र शोरुममा क्षति पुगेको छ । सांसद विनोद चौधरीको रविभवनस्थित निवासमा भएको आगजनीमा घरसहित आधा दर्जन गाडी खरानी बनेका छन् । बसन्त चौधरीको ठमेलस्थित घरमा पनि तोडफोड भएको छ । नेपाल बीमा प्राधिकरणका अनुसार बीमादाबी हुलदंगा तथा आतंकवाद जोखिमअन्तर्गत् पर्ने भएकाले दाबी भुक्तानीको ठूलो भार नेपाल पुनर्बीमा कम्पनीमाथि पर्नेछ । बीमा कम्पनीले यो जोखिममा ३५ प्रतिशत दायित्व आफूसँग राख्ने र बाँकी ६५ प्रतिशत नेपाल पुनर्बीमामा हस्तान्तरण गर्ने व्यवस्था छ । यसरी ठूलो क्षतिहुँदा पुनर्बीमा कम्पनीलाई अर्बौं रुपैयाँको दाबी भुक्तानी गर्नुपर्ने देखिएको छ । बीमा कम्पनीले बीमित सम्पत्तिको क्षति विवरण संकलन सुरु गरिसकेका छन् । बीमा कम्पनीको छाता संगठन नेपाल बीमक संघले आपतकालीन बैठक बसेर महाभूकम्प २०७२ भन्दा ठूलो दाबी पर्न सक्ने निष्कर्ष निकालेको हो । संघले जारी गरेको विज्ञप्तिमा दाबी व्यवस्थापन चुनौतीपूर्ण भएपनि कम्पनीहरु यसका लागि सक्षम र प्रतिबद्ध रहेको उल्लेख छ ।

# खरानीमाथि बसेर अहंकारको आगो ओकलिरहेका दल



✍ बिनु सुवेदी

राजनीतिमा मूलत: दुईवटा अभ्यास प्रचलित छन्, कि त नेताहरूले आन्दोलन जन्माउँछन् कि आन्दोलनले नेता । आन्दोलनले नेता जन्माए पनि, नेताहरूले आन्दोलन जन्माए पनि अन्तर्यमा भने एउटै कुरा लुकिरहेको हुन्छ, शासकीय शैलीप्रतिको असन्तुष्टि । २००७ सालको प्रजातन्त्र, २०४६ सालको बहुदल, २०५२ सालमा माओवादीको सशस्त्र संघर्ष, २०६२/६३ को जनआन्दोलन, २०६५ को मधेश आन्दोलन, २०७२ को संविधान बनेपछिको मधेश आन्दोलन होस् या टीकापुर प्रकरण यी सबै आन्दोलनको केन्द्रमा कुनै न कुनै दल, संगठन या त नेताहरू थिए ।

आन्दोलनको उठान र बैठानमा उनीहरूकै भूमिका निर्णायक थिए । तर राज्य आतंक विरुद्ध कहिले हतियार त कहिले आवाज उठाएर विद्रोह गरेका यिनै दल र नेताहरूले आफू सत्तामा पुग्दा आफैंलाई नै ‘राजा’ ठानेपछि उनीहरूले अघि सारेका जनताका विषय ओझेलमा परे । जनताले पटक-पटक उठाएर बारम्बार सुने मौका दिएका दलहरू बीचको दूरी बढ्दै बढ्दै गयो । पछिल्लो समय त यस्तो थियो कि उनीहरूले जनतालाई नै गाली गर्न थालेका थिए, अन्सन्तुष्टिहरूलाई अराजकताको उपमा दिँदै थिए । उनीहरूले बुझ्दै बुझेनन् कि अराजकता र असन्तुष्टिका बीचमा एउटा सानो सिमाना छ, असन्तुष्टिहरूको सम्बोधन गर्नुपर्छ । आफूहरूभन्दा ‘स्मार्ट’ भइसकेको नागरिकको भाषा र भावना नबुझेकाहरूलाई एकै झट्कामा जवाफ दिएका हुन् जनताले र भएको हो भदौ २३ को जेन-जी विद्रोह ।

जेनजी आन्दोलन बितेको २० वर्षको शासकीय अराजकताले हत्तुहैरान भएका नागरिकका प्रतिनिधिको स्वत:स्फूर्त विद्रोह त थियो नै तर आजसम्मका परिदृश्यहरू हेर्दा यो आन्दोलन न कुनै एउटा नेताले जन्माएको थियो न त आन्दोलनले खास नेता जन्माएको छ । बरू समयले आन्दोलनको नेता खोजिरहेको छ, म नै हुँ भनेर अघि आएकाहरूमा परिपक्वता देखिएको छैन । देखिन त २३ गतेको घटनापछि जनताको आँखाबाट एकाएक भूमिगत जस्तै भएका पुराना दलका ठूला नेताहरू पनि देखिएका छैनन् ।

तर उनीहरूसँग परामर्शमा हुनुपर्छ, पुरातन दलहरूका दोस्रो र तेस्रो पुस्ताका भनिएका नेताहरूले यदाकदा आफ्ना धारणाहरू सार्वजनिक गरिरहेका छन् । यतिखेर शायद उनीहरूलाई लागेको छ- जेनजीको यो आन्दोलन पानीको फोका जस्तै हो, आयो र गयो, हामीहरू फेरि हाम्रै श्रद्धेय र सम्मानित सभापति तथा अध्यक्षहरूकै नेतृत्वमा टाउको उठाउनेछौं । परिस्थितिले यतिविघ्न कोल्टो फेर्दा पनि नेताहरूले अन्तरात्मादेखि २० वर्षको गल्ती स्वीकार नगर्नु र आन्दोलनमा देशी-विदेशी तत्वको घुसपैठ देख्नुले उनीहरूभित्रको अहंकारको अन्त्य अझै पनि भइनसकेको प्रतीत हुन्छ ।

अहिलेसम्मको हिसाबअनुसार ७२ जना निहत्था जनताको ज्यान, राज्य र निजी क्षेत्रको बेहिसाब क्षति, सार्वजनिक अपिलहरूले संकेत गरेका राष्ट्रपतिको उकुसमुकुसको भाषा बुझ्न राजनीतिक दलहरूलाई पर्याप्त छ । उनीहरूले दु:खको यही घडीलाई आफूलाई पूराका पूरै सुधार्ने मौकाका रूपमा सदुपयोग गरेनन् भने नजाने मुलुकमा अरू कति आगो लाग्ने हो । त्यसैले लामो राजनीतिक अनुभव बोकेर आएका, उतार चढाव बेहोरेका, कहिले निरंकुशता ढालेका र कहिले निरंकुशताका पर्याय जस्तै बनेका राजनीतिक दलहरू सुनि सबैभन्दा उपयुक्त समय यही हो, उनीहरूले सदुपयोग गर्नुपर्छ ।

### चुनावमा जानुअघि दलहरूको पुनर्गठन

राजनीतिक दलहरू ती पार्टीका अध्यक्षहरूको पेवा मात्रै होइन भन्ने कुरा विशेषगरी कांग्रेस, एमाले र माओवादी जस्ता पुराना दल र त्यसपछि समाजवादीदेखि रास्वपा हुँदै नाउपा र जनमतसम्मका पार्टीहरूले नबुझेको कुरा थिएन । तर गुट-उपगुटको लडाईमा स्वाभाविक प्रश्नहरूलाई घेराबन्दीमा पार्ने कांग्रेस, अध्यक्षहरूलाई मैमत्त बनाउन कुनै कसर बाँकी नराखेका एमाले र माओवादी, पार्टीलाई पार्टी अध्यक्षकै प्राइभेट कम्पनी जस्तो बनाएका रास्वपा र जनमत जस्ता दलहरू शैली, प्रस्तुति र एजेण्डाका हिसाबले नयाँ रहेनन् ।

नयाँ परिस्थितिमै पुरानै नीति र नेतृत्वमा यी दलहरूले न त टेक्ने आधार पाउँछन् त उक्लने सिंढी नै । हामी हाम्रो दललाई पूरै नयाँ बनाउँछौं र गल्तीहरूका प्रति जनता र कार्यकर्तासँग माफी माग्छौं भन्ने आवाज कांग्रेसमा मधुरो गरी सुनिन थाले पनि अरू दलहरूमा भने बिल्कुल सुनिएको छैन । पछिल्लो घटना साम्य हुँदै जाँदा सार्वजनिक भएका नेताहरूको अपिल र संचारकर्मीले ती पार्टीका नेताहरूसँग गरेको अनौपचारिक संवादलाई आधार मान्दा पनि कांग्रेसमा पुनर्गठनको हुटहुटी अलि धेरै देखिएको छ ।

एमालेले चुनावको जनादेश पछ्याउनभन्दा बेसी आन्दोलनमा देशी-विदेशी शक्तिहरूको घुसपैठ धेरै देखेको छ भने माओवादीमा चुनावमा त जाने तर अध्यक्ष प्रचण्डकै नेतृत्वमा जानुपर्छ भन्ने मत धेरै देखिन्छ । यस्तो लाग्छ- राज्यको तहसनहसको कारण बनेका यी दलहरूले अब पार्टी सक्नका निमित्त आत्मघाती बाटो रोजिरहेका छन् । नत्र राज्य दोहनका निमित्त कम्तीमा वितेको दश वर्ष आलोपालो गरेका यी दल र यिनीहरूको यही नेतृत्व बोकेर परिवर्तित परिस्थितिमा चुनावमा जाँदा फेरि उठ्नै नसक्ने गरी ढलिन्छ भन्ने किन सोच्न नसकेका होलान् ?

चुनाव कार्यकर्ताको मत मात्रै होइन, जनताको जनादेश पनि हो भन्ने कुरा किन मनन नगरेका होलान् ? कम्तीमा ३५ वर्षदेखि प्रचण्डबाटै शासित भएका माओवादीका कार्यकर्ता र १० वर्षदेखि केपी शर्मा ओलीको शासन भोगेर अझै ५ वर्ष उनलाई बेहोर्न तयार भएका एमालेजनलाई यिनीहरू हटे नेता नै छैनन्, पार्टी नै सकिन्छ भन्ने अनुभूति भएको छ । त्यसैले पार्टीलाई नयाँ बनाउने अपिल गर्न कार्यकर्ता डराएका छन्, तिमीहरू अघि बढ हामीले विश्राम लिन्छौं भन्न नेताहरू हिचकिचाएका छन् । तर उनीहरूले भर्खरै बनेको सुशीला कार्की नेतृत्वको सरकार हेरेर पनि बुझ्नुपर्छ कि संस्था रहे नेतृत्व गर्न एक से एक काविल व्यक्तित्व हाम्रै वरिपरि छन्, खारिएर र तयार भएर बसेका छन्, हामीले त केवल माहोल बनाइदिने हो ।

त्यसैले खरानीमाथि उभिएर अहंकारको आगो ओकल्न भन्दा खरानीकै टिको लगाएर नयाँ यात्रा गर्दा यी दलहरू पनि बच्छन्, बाँचेको दलले मात्रै आफूलाई सच्याउन सक्छ, सच्चिएको दलले लोकतन्त्र बचाउन सक्छ, लोकतन्त्रले संविधान जोगाउँछ । तर उनीहरूले बुझ्नुपर्छ दलमा आन्तरिक लोकतन्त्रलाई सासै फेर्न नदिएर नेतृत्वलाई निर्विकल्प जस्तै बनाउनमा नेतृत्वहरू मात्रै होइन, दाइभाउजूका भाइबहिनी/नन्ददेवर, बाका छोराछोरी र सुप्रिमोको आसेपासे सबैको बराबरी भूमिका छ ।

उनीहरूले आ-आफ्नो भूमिकाको समीक्षा गरून् संघदेखि स्थानीय कमिटीसम्म मौलाएको राजनीतिक अराजकतालाई निस्तेज गर्न पार्टीको संरचनालाई पूरै नयाँ बनाउनुपर्छ । देशको लोकतन्त्र जोगाउन फागुन २१ को चुनावमा जानुअघि पार्टीको लोकतन्त्रलाई जीवित राख्नुपर्छ । त्यसका लागि शुरुमा कम्तीमा सबै राजनीतिक दलका पदाधिकारीले पार्टी पुनर्संरचना र सुशासनका निमित्त सामूहिक राजीनामा दिनुपर्छ । अनि बल्ल पाउने छन् पार्टीहरूले नयाँ जीवन, रोकिनेछन् परिवर्तन पर्खिरहेका नेता कार्यकर्ता तिनै दलहरूमा र शुरु हुनेछ सुशासनको नयाँ अध्याय ।

### सुशासनमा सरकारको भरोसा

जेनजी आन्दोलनमा कुनै आवाज एकदमै चर्को गरी सुनिएको थियो भने त्यो आवाज थियो- सुशासनको । पालैपालो गठबन्धन सरकार बनाएर गठबन्धनमै भ्रष्टाचार गरेका पुराना दल र उनीहरूको नेतृत्वबाट तत्कालका लागि सुशासनको पहल सम्भव पनि थिएन । कांग्रेस-एमालेको सरकार बन्दा लडाकु शिविरको घोटाला र सुनकाण्ड, माओवादी-एमाले सरकार बन्दा भुटानी शरणार्थी प्रकरण र कांग्रेस-माओवादी सरकार बन्दा गिरीबन्धु जस्ता काण्डहरू कहिले उचालिन्थे त कहिले सेलाउँथे । तर ती प्रकरणले निकास भने पाएनन् ।

त्यसैले मुलुकलाई भ्रष्टाचारको दलदलमा पुऱ्याउन घटी-बढी होला तर सबै राजनीतिक दलहरूको भूमिका छ। आज पानीमाथिको ओभानो बनेर सुशासनको सुरुवात गरेका थियौं भन्न न त माओवादी अध्यक्ष प्रचण्डलाई सुहाउँछ, त्यही भ्रष्ट सत्ताको साझेदार भएर एक्लो बृहस्पति थिएँ भन्न न त कांग्रेस महामन्त्री गगन थापाले मिल्छ । अनियमितता र भ्रष्टतन्त्रको मियो जस्तै बनेको एमालेमाथि न भरोसा छ न अपेक्षा नै । भ्रष्टाचारमै तारेख धाइरहेका समाजवादीका अध्यक्ष माधव नेपाल र भ्रष्टाचार आरोपमै कारागार बसिरहेका रास्वपा सभापति रवि लामिछाने र तीभन्दा परका दल र नेताहरूको के कुरा गर्नु !

भोलि परिणाममा दायाँ-बायाँ गरे यिनीहरूलाई पनि जनताले छोड्दैनन् तर अहिले सरकारको नेतृत्व गरिरहेकी प्रधानमन्त्री सुशीला कार्की र आजसम्म नियुक्त भएका तीन मन्त्रीको ट्र्याक रेकर्डले सुशासनको गोरेटो कोर्न सरकारको भरोसा गर्ने ठाउँ भने पर्याप्त दिएको छ । लोकमान प्रकरणदेखि गिरीबन्धुसम्म गृह र कानूनमन्त्री ओमप्रकाश अर्यालले देखाएको साहस, बिचौलियाको बजेट बनाएर राज्य दोहन गर्नभन्दा चुपचाप बाहिरिन निको मान्ने पूर्वअर्थसचिव तथा अर्थमन्त्री रामेश्वर खनाल, जनतालाई उज्यालो दिन राज्यकै कैयन् अँध्याराहरूसँग कुस्ती गरेका ऊर्जामन्त्री कुलमान घिसिङमाथि कम्तीमा आजको दिनसम्म भरोसा गर्ने ठाउँ छ । जनताको नजरमा बेदाग यी अनुहारहरूले घोषित आमनिर्वाचन बेलैमा गराएर सुशासनका निमित्त गोरेटो कोर्नेछन् भन्ने अपेक्षा आम नागरिकको हो । योभन्दा धेरै म्यान्डेट यिनीहरूलाई पनि छैन । तर अब संविधानका धारा र उपधाराहरू पल्टाएर निहुँ खोज्न भन्दा खुरुक्क चुनावमा जाने र ताजा जनादेश ल्याउने बाटो पहिल्याउन दलहरूले ढिला गर्नुहुँदैन । तर यो बाटोमा देउवा, ओली र प्रचण्डहरूले स्टेयरिङ घुमाउन सक्दैनन्, आजसम्म उनीहरूको विकल्प नदेख्ने दोस्रो र तेस्रो पुस्ता भनिनेहरू पनि यही संरचनामा सहयोगी हुन सक्दैनन् ।

*(साभार: अनलाइनखबर)*

# आत्मनिर्भर नेपाल: जेनजी आन्दोलनपछि आवश्यक रणनीति

✍ इन्द्रकुमार श्रेष्ठ

नेपालको इतिहास नियाल्दा स्पष्ट देखिन्छ- हाम्रा राजनीतिका निर्णायक मोडहरू प्राय: आफ्नै भूमिमा होइन, अरूको भूमिमा तय भएका छन् । २००७ सालमा राणा शासन अन्त्य गर्ने सम्झौता दिल्लीमै टुंगिनु, २०४६ सालमा बहुदलीय व्यवस्थाको घोषणा भारतकै दबाब र सहमतिबाट सम्भव हुनु र २०५२ देखि २०६२ सालसम्मको माओवादी आन्दोलन अन्तत: दिल्लीमै शान्ति प्रक्रियामा प्रवेश गर्नु, यी सबै घटनाले अहिलेसम्म हामीले सधैं बाह्यशक्तिको आँगनमा टिक्नुपर्ने बाध्यता महसुस गरायो । इतिहासका यी पानाहरूले स्पष्ट सन्देश दिन्छन्- हामीले अझै आफ्नै भूमि र जनशक्तिमा भरोसा गर्न सिकेका छैनौं ।

तर समस्या केवल राजनीतिक सीमामा मात्र सीमित छैन । हाम्रो दैनिक जीवनशैलीले नै परनिर्भरता देखाउँछ । कतिपय नेताहरू आफूलाई खूब राष्ट्रवादी देखाएर कोठेबैठकतिर भारत विरोधी कुरा गर्छन् । सानातिना विरोध कार्यक्रममा भारतविरुद्ध नाराबाजी गर्छन् । तर तिनै नेताहरू भारतकै अन्न, तेल, कपडा र औषधिमा निर्भर छन् । अमेरिकाविरोधी भाषण गर्नेहरू मौका पाउँदा अमेरिकामै जान र उतै बस्न लालायित हुन्छन् । विरोध र व्यवहार बीचको यो विरोधाभासले मात्र हाम्रो आत्मविश्वासलाई कमजोर बनाएको छैन, हाम्रो राष्ट्रिय स्वाभिमानलाई नै चुनौती दिएको छ । त्यसैले जबसम्म हाम्रो देश शक्तिशाली हुँदैन, तबसम्म अरूले हेप्ने परम्परा टुट्दैन भन्ने कठोर यथार्थता हामीले स्वीकार्नै पर्छ ।

जेनजी आन्दोलनको मुख्य निहुँ सामाजिक सञ्जालमाथिको प्रतिबन्धका विषयमा थियो । यसको भित्री योजना के थियो, कोबाट सञ्चालित थियो ? यस्ता कुराहरू पछि खुल्लान् । तर अहिलेको सन्दर्भमा यस आन्दोलनलाई देशको समग्र परिवर्तनको कारकका रूपमा अर्थ लगाउन मिल्ने भएको छ । उनीहरूको विद्रोह केवल नेताको अकर्मण्यता वा भ्रष्टाचारको विरोध मात्र होइन, परनिर्भर सोच र बाह्य नियन्त्रणप्रति अस्वीकार पनि हो । जेनजी आन्दोलनले स्पष्ट सन्देश दिएको छ- अब देशलाई आफ्नै बलमा अघि बढाउनै पर्छ । तर आत्मनिर्भरता केवल नारामा सीमित भए पर्याप्त छैन । यसलाई व्यवहारमा रूपान्तरण गर्न राजनीतिक, सामाजिक र आर्थिक ठोस रणनीति आवश्यक छ ।

राजनीतिक दृष्टिले आत्मनिर्भर नेपाल निर्माणको पहिलो सर्त भनेको हाम्रा निर्णयलाई हाम्रै भूमिमा राख्न सक्नु हो । अब कुनै पनि राष्ट्रिय निर्णयहरू अब दिल्ली वा वासिङ्टनको इशारामा टुंगिनुहुँदैन । राजनीति नेताहरूले सत्ताको कुर्सी बदल्ने खेल होइन, त्यसले दीर्घकालीन राष्ट्रिय हितलाई प्राथमिकता दिनुपर्छ । अहिलेको संघीय संरचनामा सरकार/मन्त्री फेर्नेभन्दा देशको अवस्था फेर्ने राष्ट्रिय स्वार्थको केन्द्रविन्दुमा सरोकारवाला नेतृत्वको दिमाग चल्नुपर्ने हो । यसका लागि स्थानीय सरकारलाई अधिकार मात्र होइन, स्थानीय स्रोतसाधन उपयोगसहित काम गर्ने दबाब दिइनु राम्रो हुन्छ । स्थानीय तहलाई यस प्रकारको दवाब दिने हो भने प्रदेशको राजनीतिक खर्च शून्यमा झार्न सकिन्छ ।

लोकतन्त्रका लागि दल नभई पनि नहुने । अनि दलकै कारण भ्रष्टाचारको बिगबिगी हुने । त्यसैले, प्रथमत: राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र, पारदर्शिता र जिम्मेवारी आकर्षक हुनुपर्छ । यस सन्दर्भमा, हाम्रो राजनीतिलाई किफायती, मितव्ययी र सदाचार युक्त बनाउनु पनि उत्तिकै अपरिहार्य छ । अनावश्यक खर्च, विलासी जीवनशैली, भ्रष्टाचार र अक्षम प्रशासनले मात्र होइन, चुनावी प्रक्रियामा अत्यधिक खर्च र प्रचार-प्रसारको बर्बादीले पनि राष्ट्रिय विकासमा बाधा पुऱ्याउने गरेको छ । अबका नेताहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर जनता र राष्ट्रको हितमा निर्णय लिनुपर्छ ।

यतिमात्र होइन, देशको वास्तविक समृद्धि र आत्मनिर्भरता भ्रष्टाचारमुक्त समाज निर्माणमा निहित छ । सरकारी सेवा, न्याय, शिक्षा र स्वास्थ्य प्रणालीमा पारदर्शिता र जिम्मेवारी सुनिश्चित हुँदा मात्र नागरिकले आफ्नो अधिकारको अनुभूति गर्न सक्छन् । भ्रष्टाचारले आर्थिक हानि त गर्छ नै । यसले नागरिकमा विश्वास, सामाजिक सद्भाव र नेतृत्वको विश्वसनीयतालाई पनि कमजोर बनाउँछ । जब नागरिकले आफ्नो कर्तव्य बुझेर शासनको निगरानी गर्छन् र अनियमितताविरुद्ध आवाज उठाउँछन्, तबमात्र नेतृत्व जिम्मेवार र राष्ट्र आत्मनिर्भर बन्न सक्षम हुन्छ ।

सामाजिक दृष्टिले आत्मनिर्भरता शिक्षा, संस्कार र चेतनामा निहित छ । आजसम्मको शिक्षा प्रणालीले डिग्रीधारी जनशक्ति धेरै उत्पादन गरेको छ । सीपयुक्त जनशक्ति निकै कम उत्पादन गरेको छ । त्यसको नतिजा, युवाहरू अवसर खोज्न विदेश पलायन हुन बाध्य छन् । अब शिक्षालाई व्यवहारमुखी, सीपमुखी र रोजगारीमुखी बनाउनु अपरिहार्य छ । युवाले आफ्नो भविष्य आफ्नै भूमिमा देख्न सक्ने अवस्था सिर्जना गर्नुपर्छ । सामाजिक समानता, लैंगिक न्याय र जातीय सद्भावविना आत्मनिर्भर समाज निर्माण असम्भव छ । विभाजन र असमानताले राष्ट्रलाई कमजोर बनाउँछ । समानता र सहअस्तितवले मात्र बलियो समाज निर्माण हुन्छ । त्यस्तै भाषा, कला र संस्कृतिमाथि गर्व गर्ने आत्मविश्वासले मात्र मानसिकरूपमा स्वतन्त्र र सभ्य नागरिक तयार पार्न सक्छ ।

आत्मनिर्भर अर्थतन्त्र नेपाल निर्माणको मेरुदण्ड हो । आयातमुखी अर्थतन्त्रले सधैं देशलाई परनिर्भर बनाउँछ । नेपालका खेतबारीमा फल्ने अन्नले नै हामी सबैका भोक मेटाउन सक्छ भने हामी किन छिमेकीको माटोमा उब्जेका चामल, गहुँ, तरकारी आयात गर्ने ? कृषि क्षेत्रलाई आधुनिक बनाउने, सिंचाइ विस्तार गर्ने, वैज्ञानिक बीउ-बिजन र बजार सुनिश्चित गर्ने कार्यक्रमहरू लागू गर्दा मात्र हामी खाद्यान्नमा आत्मनिर्भर बन्न सक्छौं । त्यस्तै, घरेलु उद्योग, साना तथा मध्यम उद्योग र प्रविधिमैत्री स्टार्टअपलाई प्रोत्साहन गर्नुपर्छ । जलविद्युत्, पर्यटन र प्राकृतिक स्रोतको सदुपयोग गरेर उद्योग सञ्चालन एवं निर्यात बढाउन सकिन्छ । युवालाई स्वदेशमै रोजगारी दिने वातावरण बनाइयो भने वैदेशिक रोजगारको निर्भरता घट्छ, र रेमिट्यान्समा आधारित अर्थतन्त्रबाट मुक्त गर्न सकिन्छ ।

यहाँ अर्को महत्वपूर्ण चुनौती भनेको विदेशमा गएर काम, अध्ययन वा बसाइँ बसेका युवालाई स्वदेश फर्काउने र विदेश जान चाहने युवालाई जान मन नलाग्ने वातावरण सिर्जना गर्ने विषय हो । यसको लागि केवल नारा र प्रतिबन्ध मात्र पर्याप्त छैन । विदेश पठाउने मुख्य कारण अवसर र आय हुन् । यदि स्वदेशमै रोजगारी, दक्षताअनुसार तलब, सामाजिक सुरक्षा र जीवनस्तर सुनिश्चित गरियो भने युवाले स्वदेशमै बस्न रुचाउँछन् । उद्योग, कृषि, प्रविधि र सेवा क्षेत्रमा पर्याप्त अवसर सिर्जना गरी उनीहरूलाई आफ्नै देशमा लगानी, सीप र श्रम प्रयोग गर्ने वातावरण बनाउनु आवश्यक छ । यसै गरी शिक्षाको गुणस्तर, स्वास्थ्य सुविधा, नागरिक सुरक्षा र सांस्कृतिक गौरवको अनुभूति मिल्दा युवालाई विदेश जान मन कम लाग्छ । जब जीवनस्तर, रोजगारी र भविष्य आफ्नै देशमा सुरक्षित हुने ग्यारेन्टी हुन्छ, तब विदेशको मोह स्वाभाविकरूपमा घट्छ ।

आर्थिक आत्मनिर्भरता केवल उत्पादन मात्र होइन, गुणस्तरीय प्रवर्द्धन र निर्यातको सशक्त व्यवस्थापन पनि हो । स्वदेशी उत्पादनलाई प्राथमिकता दिने, विलासी आयातीत वस्तु अस्वीकार गर्ने र उत्पादनशील श्रमलाई सम्मान गर्ने संस्कारले मात्रै राष्ट्रलाई वास्तविकरूपमा आत्मनिर्भर बनाउँछ । जब नागरिक यही व्यवहार अपनाउँछन्, तब मात्रै सरकारका नीतिहरू प्रभावकारी हुन्छन् र राष्ट्रिय हित सुनिश्चित हुन्छ ।

जेनजी आन्दोलनले एउटा गहिरो प्रश्न उठाएको छ- कति दिन हामी अरूको सहयोग, निर्देशन र चासोमा निर्भर भएर बाँच्ने ? उत्तर स्पष्ट छ- अब पर्याप्त छ । आत्मनिर्भरता केवल सरकार वा नेताहरूको जिम्मेवारी होइन, नागरिकको जीवनशैली, सोच र कार्यमा झल्किनुपर्छ । जब नागरिक आफ्नै उत्पादनमा गर्व गर्ने, आफ्नै श्रम र क्षमता प्रयोग गर्ने संस्कार अपनाउँछन्, भ्रष्टाचारमुक्त वातावरणमा जीवनयापन गर्ने परिपाटी विस्तार हुन्छ । यसले मात्र राष्ट्रले साँच्चिकै स्वाभिमान अनुभव गर्न सक्छ ।

नेपालले अब इतिहासको गल्ती दोहोऱ्याउन मिल्दैन । दिल्ली सम्झौताबाट शुरु भएको परनिर्भर संस्कारलाई तोड्ने जिम्मेवारी आजको पुस्ता र सरकार दुवैमा छ । यो केवल आक्रोश होइन, अवसरलाई उपयोग गर्ने प्रण पनि हो । आत्मनिर्भर नेपाल बनाउन राजनीतिक स्वाधीनता, सामाजिक समानता, आर्थिक उत्पादनशीलता, नेतृत्वलाई किफायती, मितव्ययी र सदाचारयुक्त बनाउनु, भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु, साथै युवालाई स्वदेशमै अवसर र सम्मान दिन सक्ने वातावरण सिर्जना गर्नु चार आधार अनिवार्य छन् । यी आधारहरू सुदृढ हुँदा मात्र नेपालले परनिर्भरता अन्त्य गरेर आफ्नै भविष्य निर्माण गर्न सक्छ ।

आजको युगले हामी सबैलाई सोधिरहेको छ- के हामी केवल आत्मनिर्भर नेपाल बनाउँछौं वा फेरि अर्को पुस्तालाई पनि परनिर्भरता र अरूको नियन्त्रणको पीडामा बाँध्छौं ? यदि हामीले राजनीतिक दृष्टिले निर्णय स्वाधीन बनाउने, सामाजिक दृष्टिले सशक्त र समान समाज निर्माण गर्ने, आर्थिक दृष्टिले उत्पादनशील र नवप्रवर्तनशील अर्थतन्त्र विकास गर्ने, नेतृत्व तथा निर्वाचन प्रणालीलाई किफायती र मितव्ययी बनाउने, भ्रष्टाचारमुक्त समाज सुनिश्चित गर्ने र युवालाई स्वदेशमै बस्न आकर्षित गर्ने वातावरण सिर्जना गर्ने मार्ग अपनायौं भने मात्र नेपालको वास्तविक आत्मनिर्भरता सम्भव छ ।

अब संसारले थाहा पाउनुपर्छ- ‘नेपाल अरूको टेकोमा होइन, आफ्नै खुट्टामा उभिएको राष्ट्र हो ।’ यही हो जेनजी आन्दोलनपछिको हाम्रो ऐतिहासिक चुनौती र अवसर । यही बाटो रोज्दा मात्र हामीले सपना देखेको आत्मनिर्भर, समृद्ध र भ्रष्टाचारमुक्त नेपाललाई वास्तविकता बनाई समृद्ध राष्ट्रको रूपमा स्थापित गर्न सक्छौं ।

*(साभार: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज १ गते बुधबार १६ सेप्टेम्बर २०२५ । एकादशी, आश्विन कृष्णपक्ष । ञलगा ११४५ ने.सं. । सूर्योदय ५:५० सूर्यास्त ६:०४ । विश्वकर्मा पूजा । इन्दिरा एकादशी व्रत । एकादशी श्राद्ध । वास्तु दिवस । राष्ट्रिय विज्ञान दिवस । आश्विन संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : चुनौतीहरु बढ्नेछन् | तुला | : प्रयत्न निरर्थक हुनेछ |
| वृष | : आम्दानी घट्नेछ | वृश्चिक | : व्यावसायिक काम बन्नेछ |
| मिथुन | : मित्रताले हर्ष बढ्नेछ | धनु | : सहयोगीले असहयोग गर्नेछन् |
| कर्कट | : कामको तारिफ हुनेछ | मकर | : पढाइमा प्रगति हुनेछ |
| सिंह | : अरुको मन लोभ्याउन सकिनेछ | कुम्भ | : समस्या दोहोरिन सक्नेछ |
| कन्या | : दाम कमाउने बेला छ | मीन | : घरेलु काममै अलमल हुनेछ |

# जेनजी आन्दोलनबाट बढारिएका दल चुनावका लागि तयार




काठमाडौं/जेनजी आन्दोलनबाट बढारिएका प्रमुख राजनीतिक दलहरु अन्तरिम सरकारको घोषणा अनुसार फागुन २१ मा हुने प्रतिनिधिसभा चुनावलाई स्वीकारेका छन् । कांग्रेस, एमाले र माओवादी दलका बैठकबाट यो विषयमा औपचारिक निर्णय त गरेका छैनन् तर ती दलका निर्णायक तहका नेताहरुले चुनावमा जाने बाहेक विकल्प नरहेको धारणा अघि सारेका छन् । चुनावका लागि पार्टीभित्र आन्तरिक मत निर्माण गरिरहेका छन् । चुनावमा गए संविधान र राजनीतिक प्रणाली जोगिने अन्यथा यो भन्दा ठूलो क्षति ब्योहोर्नुपर्ने पर्ने विश्लेषण उनीहरुबीच भइरहेको छ ।

दलहरुलाई चुनावमा जानका लागि राष्ट्रपति रामचन्द्र पौडेलले भने औपचारिक र अनौपचारिक रुपमा अनुरोध गरिरहेका छन् । राष्ट्रपति पौडेलले शनिबार वक्तव्य जारी गरी 'बडो जुक्ती'ले प्राप्त अवसरको सदुपयोग गर्न भनेका थिए । 'देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्न पश्चात एउटा शान्तिपूर्ण निकास निस्किएको छ,' राष्ट्रपति पौडेलले भनेका छन्,'संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ । छ महिनाभित्र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी अझ उन्नत लोकतन्त्रको बाटोमा अघि बढ्न जनताले अवसर पाएका छन् ।'

जेनजी आन्दोलनका वार्ताका क्रममा राष्ट्रपतिले दलहरुसँग संवाद गरेका थिए । राष्ट्रपति कार्यालय स्रोतका अनुसार उनले सकेसम्म संसद् राख्ने प्रयास गरेका थिए । तर आन्दोलनकारीले नमाने पछि विघटन गर्न गर्न बाध्य भए । तर त्यसअघि उनले दलका नेताहरुसँग कुराकानी गरेर चुनावमा जाने विषयमा तयार रहन अन्यथा ठूलो दुर्घटना हुनसक्ने चेतावनी दिएका थिए । त्यसपछि अन्तरिम सरकार बनाइदिएका राष्ट्रपतिले दलका नेता र नागरिक समाजका व्यक्तिहरुसँग कुनै हालतमा चुनाव छल्ने बाटोमा नलाग्न अनौपचारिक सन्देश पढाइरहेको राष्ट्रपतिनिकट स्रोतले जनाएको छ ।

राष्ट्रपतिले पटक पटक चासो जनाएकाले दलहरुले संसद् विघटनलाई विज्ञप्तिबाट इतिहासमा रेकर्ड गराउने ढंगले मात्र औपचारिक विरोध गरे । त्यसबाहेक यो मुद्दालाई उनीहरु चर्काउने पक्षमा छैनन् । बरु अन्तरिम सरकार र निर्वाचनको विषयलाई सोमबारबाट नेताहरुले सार्वजनिक रुपमै स्वीकार्न थालेका छन् । खण्डहर कार्यालय निरीक्षण गर्न पुगेका एमाले र माओवादीका नेताहरुले चुनावमा जाने स्पष्ट संकेत दिए ।

एमालेको पार्टी कार्यालय निरीक्षण गर्न पुगेका एमाले महासचिव शंकर पोखरेलले समयमै चुनाव भए एमालेले सघाउने बताएका छन् । 'नेपालका सबै लोकतान्त्रिक पार्टीहरू जनतामा गएर जनताका बीचबाट अभिमत प्राप्त गर्ने प्रक्रियामा प्रवेश गर्नु पर्दछ भन्ने हामी ठान्दछौं,' उनले भने,'किनकी जनमत प्राप्त गर्ने माध्यम भनेको, सधैंभरि सडक जनमत प्राप्तिको माध्यम हुन सक्दैन । हुनु हुँदैन ।' आफ्नो नेतृत्वको सत्ता ढलेको तुषमा रहेका एमाले नेताहरु धेरै खुल्न त अझै सकेका छैनन् । तर संविधान र व्यवस्थालाई ट्र्याकमा राख्नका लागि चुनावमा जाने कुरालाई स्वीकार गर्न थालेका छन् ।

विगतमा प्रतिनिधि सभा दुईपटक भंग गरी मध्यावधि चुनावी जनादेश माग्ने एमाले अहिले जेनजी आन्दोलनको परिवर्तनलाई अस्वीकार गरेर दृश्यविहीन अवस्थामा बस्ने स्थितिमा छैन । त्यसैले सोमबार महासचिव शंकर पोखरेल चुनावलाई अघि बढाउनेमा सकारात्मक धारणा राखेका छन् । 'समाधान सधैं सडकबाट खोज्ने हो भने स्थायित्व र विकास सम्भव हुँदैन । त्यसर्थमा हामी संविधानतिर फर्कनै पर्छ । संविधानको बाटो हिँड्नै पर्दछ ।' सत्ताबाट बढारिएको ठूलो चोट खेपेको एमाले त यति अघि बढेपछि कांग्रेस र माओवादी त यो मामिलामा अझै खुल्ला समर्थनमा आउनु स्वाभाविकै भयो । चुनावको पक्षमा बोल्दै आएका महामन्त्री गगन थापाले सोमबार पनि संविधानको रक्षाका लागि चुनावमा जाने घोषणा गरेका छन् ।

आन्दोलनपश्चात आज जुन राजनीतिक परिस्थिति सिर्जना भएको छ यो वास्तविकता हो भन्ने थापाको भनाई छ । 'अन्तरिम सरकार गठन भइसकेको छ, निर्वाचनको मिति घोषणा भएको छ। एउटा जिम्मेवार लोकतान्त्रिक पार्टी भएकोले तोकिएको समयमा निर्वाचन सुनिश्चित गराऔं, यसको निमित्त निर्वाचन गराउने जिम्मेवारी लिएर आएको सरकारलाई सहयोग गरौं,' महामन्त्री थापाले भनेका छन्,' कही कतै यो मूल जिम्मेवारीबाट सरकार बिचलित भयो वा अलमलियो भने खबरदारी गरौं ।' भयरहित वातावरणमा समयमै निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई सही ट्र्याकमा ल्याउनु अहिलेको मुख्य जिम्मेवारी भएकाले यो कुरा विर्सन नहुने उनको धारणा छ । माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि सोमबार खण्डहर पार्टी कार्यालय भवनबाट चुनाव नै अबको लोकतान्त्रिक विकल्प भएकाले त्यसका लागि तयार रहनुपर्ने धारणा राखेका छन् ।

'देशमा अन्तिम सरकार बनिसकेको र निर्वाचनको मिति घोषणा भइसकेको स्थितिमा हामीले अब त्यही बाटोबाट छिटोभन्दा छिटो घोषित मितिमा निर्वाचन सम्पन्न गर्नुपर्छ भनेर एकजुट भएर जानु आवश्यक छ' उनले भने,' अहिले निर्वाचन एकदम आवश्यकता हो । त्यसमा हामीले अरु विकल्पको कुरा अहिले गर्नुहुँदैन। किनभने यदि यो सरकार असफल भयो र घोषित मितिमा निर्वाचन भएन भने देश भयावह संकटमा फस्न सक्छ ।' राष्ट्रिय स्वतन्त्र पार्टीले पनि चुनावलाई स्वीकार गरेको छ । अन्तरिम सरकार बनाउँदा केही मिचिएको संवैधानिक विधिमा असहमति राखेको रास्वपाले चुनावमा जाने कुरालाई सहयो गर्ने उल्लेख गरेको छ । पार्टीको तर्फबाट आइतबार महामन्त्री कविन्द्र बुर्लाकोटीले विज्ञप्ति नै जारी गर्दै यो धारणा ल्याएका छन् ।

'फागुन २१, २०८२ का लागि तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गर्दै शान्तिपूर्ण सत्ता-हस्तान्तरणका साथै लोकतान्त्रिक हकअधिकारको निर्वाध उपभोगको लक्ष्य यस अन्तरिम सरकारबाट राखिएको छ' महामन्त्री बुर्लाकोटीले भनेका छन्,'यी घोषित लक्ष्यहरुबाट सरकार च्यूत हुँदा प्रतिरोध हुनेमा रास्वपा स्पष्ट रहँदै समग्र राष्ट्रिय हित, एकता र सौहार्दताको प्रवर्द्धनमा हाम्रो दल सदा सहयोगी भूमिकामा रहनेछ ।'

**पार्टी पुनर्गठनको बहस**

चुनावमा जान तयार देखिएका राजनीतिक दलहरुभित्र पार्टी पुनर्गठनको बहस भने तीब्र भएको छ । तीनवटै दलहरुमा यो बहस अझै चर्को रुपमा उठेको छ । कांग्रेसका शेरबहादुर देउवा, एमाले केपी शर्मा ओली र माओवादीका पुष्पकमल दाहालको अनुहार देखाएर कुनै दल चुनावमा जान सक्ने अवस्थामा छैनन् । उनीहरुप्रति नागरिक घृणा कुन तहको छ भन्ने जेनजी आन्दोलनमा देखिएकै छ । त्यसैले यी दलहरुमा पुनर्गठन नभइ चुनावमा जान नसक्ने भएकाले अहिले अन्य नेताहरुले यो मुद्दा उठाउन थालेका छन् ।

कांग्रेसका महामन्त्री गगन थापाले यो पार्टी पुनर्गठन गरेर जाँदा आफू महामन्त्री पद समेत त्याग्न तयार रहेको बताएका छन् । उनले त आउँदो शुक्रबार संविधान दिवसकै दिनबाट पार्टी पुनर्गठनको अभियान थाल्न अपिल समेत गरेका छन् । 'संविधान दिवस कै दिनदेखि संकल्पसहित पुनर्गठन अभियान सुरु गरौं', उनले भनेका छन् । अहिलेकै शैलीले पार्टीको पुनर्निर्माण आरम्भ नहुने भएकाले आमूल सुधारका लागि आफ्नो पदीय जिम्मेवारी छोड्ने मान्यता उनले अघि सारेका छन् । पद नछोड्दा सम्म आत्म समीक्षा नहुने भएकाले उनले यस्तो प्रस्ताव अघि सारेका छन् ।

एमाले भित्र अहिले योगेश भट्टराई, गोकुल बाँस्कोटा लगायतका केही नेताले पार्टी अब यही रुपमा अघि बढ्न नसक्ने बताउन थालेका छन् । तर भावी नेतृत्व र पार्टी पुनर्गठनको प्रस्तावना कसैले अघि सारेको छैन । एमालेभित्र एउटा ठूलो पक्ति भित्र भित्रै गुम्सिने यो अवस्थामा पनि ओलीको विकल्प खोज्नु पर्छ भन्न सकेको छैन । ओली अझै पनि सुरक्षाकर्मीको सुरक्षा घेरा भित्रै रहेको अवस्थामा उनको नेतृत्वको विकल्प खोज्न नहुने धारणा राख्नेहरु छन् । माओवादीभित्र पनि विगत देखि नै करिब ४ दशकदेखि नेतृत्वमा रहेका पुष्पकमल दाहालको विकल्प खोजी हुँदै आएको छ । जनार्दन शर्मा लगायतका नेताहरु दाहाललाई चुनौती दिइरहेका थिए । जेनजी आन्दोलनपछि माओवादीमा पुनर्गठनको बहस सुरु भएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरीका सबै विद्यालय सुचारु, आन्दोलनले शिक्षाशाखा अभिलेखबिहिन

साझाकुरा संवाददाता




हेटौंडा, ३० भदौ/मनहरी गाउँपालिकाभित्रका सबै विद्यालय सुचारु गरिएको छ । सामुदायिक र निजी विद्यालय गरी मनहरी गाउँपालिकामा रहेका ४० वटा विद्यालयसहित मन्टेश्वरी र बालविकास केन्द्र सञ्चालनमा आएको युवा, खेलकुद तथा शिक्षा शाखाले जनाएको छ ।

'कुनै पनि विद्यालयमा आन्दोलनकै कारण अबरोध खडा भएको वा समस्या परेकोबारे हामीलाई जानकारी छैन', शाखाप्रमुख प्रदीप पराजुलीले भने-'आइतबारबाट सबै विद्यालय सुचारु भएको जानकारी हामीलाई छ ।' जेनजी पुस्ताको आन्दोलनका कारण शाखाका सबै अभिलेख ध्वस्त भएको उनले जानकारी दिए । शाखामा रहेका विद्यालयका अद्यावधिक कागजपत्र रहेका फाइल आन्दोलनकारीले बाहिर ल्याएर जलाएका थिए । त्यसैगरी टेवुल, कुर्सी, कम्प्युटर र अन्य सबैखाले कागजपत्र ध्वस्त भएको उनले बताए ।

'हामीसँग अनलाइनमा स्टोर रहेका डकुमेन्ट मात्रै बाँकी छ', पराजुलीले भने 'अबको २ महिनामा पुन: अभिलेखहरु रिकभर गर्नेगरी काम गर्ने सोचेका छौं ।' मनहरी गाउँपालिकाको वडा नं ३ लामिटारमा रहेको 'ख' ब्लक भवनमा युवा, खेलकुद तथा शिक्षाशाखा रहेको छ । शिक्षासँगै स्वास्थ्यशाखामा पनि आगजनी गरी क्षति गराइएको छ गाउँसभा र महत्वपूर्ण कार्यक्रमहरु सञ्चालनका लागि निर्माण र व्यवस्थित गरिएको एसीसहितको हलसमेत पूर्णरुपमा क्षति गराइएको गाउँपालिकाले जनाएको छ ।

# ६ दिनपछि खुले हलहरू, 'रिमै' सहितका फिल्म प्रदर्शन




काठमाडौं/जेनजी आन्दोलनले उग्र रुप लिएपछि भदौ २४ गते (मंगलबार)देखि बन्द रहेका देशभरका हलहरू पुन: सञ्चालनमा आएका छन् । हलवाला र वितरकहरूको छाता संस्था नेपाल चलचित्र संघको आइतबार बसेको बैठकले आवश्यक सुरक्षा सतर्कता अपनाएर हल खोल्ने निर्णय गरेपछि सोमबारदेखि हलहरू सुचारु भएका हुन् ।

हल खुलेसँगै 'रिमै', 'कोशेढुंगा', 'मागने राजा', 'जनै हराएको मान्छे', 'मोहर', 'गुन्यो चोलो', 'बागी ४', 'परम सुन्दरी' र 'द कोन्जूरिङ : लास्ट राइट्स'को प्रदर्शनलाई निरन्तरता दिइएको छ । जेनजी आन्दोलनपछि हलहरू बन्द हुँदा सबैभन्दा बढी मार 'रिमै'लाई परेको थियो । किनकि, यो फिल्म रिलिज भएको तीन दिन मात्र भएको थियो ।

नेपालमा १६५ वटा हल रहेकोमा सोमबारबाट विराटनगरको क्यूएफएक्स हलबाहेक अरू सञ्चालनमा आएको संघले जनाएको छ । विराटनगरको क्यूएफएक्स हल आन्दोलनको क्रममा जलेर पूर्ण रूपमा ध्वस्त भएको छ, जुन १५ करोडको लागतमा बनेको थियो । योसहित अन्य चारवटा हलमा पनि आगजनी र तोडफोड हुँदा १७ करोडको क्षति भएको जनाइएको छ ।

६ दिनपछि सञ्चालनमा आएका हलमा नयाँ फिल्म भने फूलपातीमा मात्रै रिलिज हुनेछन् । असोज ३ गते प्रदर्शन हुने भनिएको 'जारी २' पोस्टपोन्ड भएकाले उक्त मिति खाली भएको छ । फूलपातीमा भने 'बलिदान', 'हरिबहादुरको जुत्ता', 'माइतीघर' र 'अभिमन्यु' गरी चार फिल्म प्रदर्शनमा आउँदैछन् । र, विजयादशमीको दिन भारतीय फिल्म 'कान्तारा २' रिलिज हुनेछ ।

# मुख्यमन्त्रीको फेसबुके राजीनामाले मधेश सरकार अन्योलमा




जनकपुरधाम/२४ भदौमा फेसबुकमार्फत पदत्यागको घोषणा गरेका मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अहिलेसम्म प्रदेश प्रमुखसमक्ष राजीनामापत्र बुझाएका छैनन् । यता, उनको दल जनमतले भने मुख्यमन्त्री, मन्त्रीसहित सरकारको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख कार्यालयलाई इमेल मार्फत पठाइसकेको छ । जसका कारण मधेश प्रदेश सरकार कसरी अघि बढ्छ भन्ने विषयमा अन्योल सिर्जना भएको छ ।

एकातर्फ मुख्यमन्त्रीले औपचारिक रूपमा राजीनामा नबुझाउनु, अर्कोतर्फ उनको दल जनमतले सरकारबाट बाहिरिएको पत्र पठाउनुले मधेशको राजनीतिक कोर्ष कसरी अघि बढाउने भन्नेमा अन्योल सिर्जना भएको नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले बताए । 'मुख्यमन्त्रीले फेसबुकमा राजीनामा दिनुभयो । संसदीय राजनीतिमा सबैभन्दा ठूलो विश्वास हो । उहाँले नैतिकताको आधारमा अघि बढ्नुपर्थ्यो । प्रदेश प्रमुखसमक्ष राजीनामा नबुझाएकाले ३० दिन त पर्खिनैपर्छ,' उनले भने । जेन-जी आन्दोलन चर्केको दिन २४ भदौमा फेसबुकबाट राजीनामा घोषणा गरेका मुख्यमन्त्री सिंहले प्रदेश प्रमुखसमक्ष आधिकारिक राजीनामापत्र नबुझाएसम्म राजीनामा स्वीकृत नहुने संवैधानिक व्यवस्था छ ।

संविधानको धारा १६९ को उपधारा १ को (क) मा मुख्यमन्त्रीले प्रदेश प्रमुखसमक्ष लिखित राजीनामा दिनुपर्ने उल्लेख छ । तर पत्र पठाउनुको साटो चार दिनपछि गत शनिबार उनले बोली फेरे, 'त्यो दिनको परिस्थिति बेग्लै थियो । मान्नलाई मेरो नैतिकता मात्र छैन नि । सबैलाई मान्नुपर्यो नि । म राजीनामा दिन्नँ ।' २५ जेठ २०८१ मा एमालेसहितको दलको समर्थनमा जनमत पार्टीका सिंह मधेशको मुख्यमन्त्री बनेका थिए । पछि माओवादीसहितको दल सरकारबाट निस्केपछि कांग्रेस र लोसपा सहभागी भएर चार दलको गठबन्धनको सरकार बनेको थियो ।

नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतो राजीनामा गरिसकेका मुख्यमन्त्रीले नैतिक रूपमा पदमा बसिरहन नहुने बताए । चर्को आलोचनापछि त्यही दिन साँझ जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले मुख्यमन्त्री-मन्त्रीलाई फिर्ता बोलाएको र सरकारको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुख कार्यालयको इमेलमा पठाएका थिए । सरकारको नेतृत्व गरेको दलले नै नेतृत्व र समर्थन फिर्ता लिएको पत्र पठाउनु संसदीय अभ्यासमा अनौठो घटना हो । इमेल र ह्वाट्सएपमा प्राप्त यो पत्रबारे प्रदेश प्रमुख सुमित्रा भण्डारीले कानुनी विज्ञहरुसँग राय लिइरहेका छिन् । अहिले उनी काठमाडौंमा छिन् ।

'जनमत संसदीय दलको पत्र इमेल र ह्वाट्सएपमा आएको छ । प्रदेश प्रमुखले काठमाडौंमै यस पत्रबारे कानुनी सल्लाह लिइरहनुभएको छ,' प्रदेश प्रमुख कार्यालयका सचिव सत्रुधन यादवले भने । हुन त आफ्नै पार्टी जनमतबाटै मुख्यमन्त्री सिंहलाई आधिकारिक राजीनामा पत्र प्रदेश प्रमुखलाई बुझाउन दबाब छ । यद्यपि, उनले नमानेपछि दलले प्रदेश प्रमुख कार्यालयमा समर्थन फिर्ताको पत्र पठाउनुपरेको थियो । अहिले पनि पत्र पठाउने दबाब कायमै छ । अबको २ दिनभित्र सिंहले राजीनामा पत्र प्रदेश प्रमुखलाई नपठाए पार्टीले नै कारबाही गर्नेसम्मको चेतनावी दिइएको जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले बताए । 'पार्टीले स्पष्ट रूपमा उहाँलाई यथाशीघ्र राजीनामा दिन निर्देशन दिएको छ । यदि राजीनामा नदिए हामी अगाडिको प्रक्रिया अघि बढाउँछौं । उहाँको पद पनि जान सक्छ,' दलका नेता यादवले संचारकर्मीसँग भने ।

मुख्यमन्त्रीले राजीनामा गरे कसरी अघि बढ्ने भन्नेबारे दलहरू आन्तरिक विमर्शमा छन् । त्यसका साथै जेन-जीको आन्दोनको क्रममा आगजनीले मधेश प्रदेशसभा र दलका कार्यालयहरू जलेर खण्डहर भएका छन् । मुख्यमन्त्री कार्यालय, शिक्षा तथा संस्कृति मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालयमा आगजानी, तोडफोड तथा मधेश भवन भित्रको मन्त्री तथा कर्मचारीको आवासमा तोडफोड र लुटपाट भएको छ ।

नयाँ सरकार गठन, सदन सुचारु र जलेका संरचना पुनर्निर्माण बारे छलफल गर्न दलहरूले सभामुख रामचन्द्र मण्डललाई सर्वदलीय बैठक बोलाउन आग्रह गरेका छन् । 'सर्वदलीय बैठक बस्नु जरुरी छ । धेरै संरचना जलेका छन् । पुनर्निर्माण र व्यवस्थापन गरी जनतालाई सेवा दिनुपर्छ,' कांग्रेस संसदीय दलका नेता यादवले भने । सभामुखलाई बैठक बोलाउन आग्रह गरिएको जनमत संसदीय दलका नेता महेशप्रसाद यादवले पनि बताए । सभामुख रामचन्द्र मण्डलले पुनर्निमार्ण तथा अगामी ३ असोजमा हुने संविधान दिवस मनाउनेबारे छलफल गर्न १ असोजमा सर्वदलीय बैठक बोलाउन सकिने बताए ।

**मधेशमा नयाँ सरकार सर्वदलीय वा बहुमतीय ?**


जेन-जीको आन्दोलनले देशको राजनीतिक कोर्स फेरिएको छ । दलीय सरकार र प्रतिनिधसभा विघटन भए पनि प्रदेशसभा भने कायम छ । अन्य ६ प्रदेशको सरकार यथावत् छ । मधेशमा नयाँ प्रदेश सरकार कसरी बन्ने वा अघि बढ्ने कुरा शीर्ष दलहरुको अगामी रणनीतिमा भर पर्ने देखिन्छ । मधेश प्रदेशमा कुनै दलको स्पष्ट बहुमत छैन । सरकार बनाउन १०७ मा ५४ सिट चाहिन्छ । १० वटा दलको प्रतिनिधित्व रहेको मधेश प्रदेशसभामा कम्तीमा तीनवटा ठूला दल नमिलेको खण्डमा सरकार बन्ने स्थिति छैन ।

मधेश प्रदेशसभामा नेकपा एमाले २५, कांग्रेस २२, जसपा नेपाल १९, जनमत पार्टी १३, नेकपा माओवादी केन्द्र ९, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ९, नेकपा एकीकृत समाजवादीको ७ सांसद छन् । संघीय समाजवादी पार्टी, राप्रपा नेपाल र नागरिक उन्मुक्ति पार्टीको १/१ सिट छ । नेताहरूका अनुसार यहाँ सर्वदलीय सरकार वा बहुमतीय सरकारमध्ये एक बन्नेछ । देशको घटनाक्रमबाट पाठ सिकेर सबै दल मिले भने सर्वदलीय सरकार बन्न सक्छ ।

सिट संख्याको आधारमा अब नेपाली कांग्रेस वा नेकपा एमालेको नेतृत्वमा सरकार बन्ने सम्भावना छ । जनमतको नेतृत्वमा पनि कांग्रेसले उसको सरकार ढाल्न र आफ्नो नेतृत्वमा सरकार बनाउन धेरैपटक प्रयास गरेको थियो । तर जनमत गठबन्धनमै रहेका कारण कांग्रेसको केन्द्रीय नेतृत्वले मानेन । कांग्रेसले जनमत सरकारपछिको पालो आफ्नो रहेको दाबी गर्दै आएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फूलपातीमा थपियो 'अभिमन्यु', हिन्दी भर्सन असोज १६ मा




काठमाडौं/यसपालिको दशैंको फूतपाती (असोज १३ गते) आउन अब दुई साता मात्र बाँकी छ । तर, यो मितिमा फिल्म रिलिज गर्न अझै हानाथाप रोकिएको छैन । अब फूलपातीकै दिन सस्पेन्स थ्रिलर फिल्म 'अभिमन्यु: च्याप्टर वान' पनि रिलिज हुने पक्का भएको छ । सोमबार निर्माता कम्पनी सेभेन सिज सिनेमाले एक विज्ञप्ति जारी गर्दै नयाँ प्रदर्शन मिति घोषणा गरेको हो ।

यसअघि यो फिल्म भदौ २७ गतेबाट प्रदर्शनमा आउने तयारीमा थियो । तर, जेनजीको आन्दोलन र त्यसपछि उत्पन्न असामान्य परिस्थितिका कारण निर्माण पक्षले रिलिज स्थगन गरेको थियो । फूलपातीमा 'अभिमन्यु' पनि आउने भएपछि अब चार फिल्मबीच भिडन्त हुने भएको छ । यो मितिमा 'बलिदान', 'हरिबहादुरको जुत्ता' र 'माइतीघर' पनि प्रदर्शनको तयारीमा छन् ।

फूलपातीमा प्रदर्शन हुने तीन फिल्मका निर्मातासँग क्षमायाचना माग्दै विज्ञप्तिमा भनिएको छ, 'हाम्रो कुनै पनि टिमसँग जुधाउने वा प्रतिस्पर्धा गर्ने नियत कहिल्यै पनि थिएन । हामी कुनै टिमसँग भिड्न आएका होइनौं, समय र परिस्थिति नै यस्तो बन्यो ।' 'अभिमन्यु'को हिन्दी भर्सन विजयादशमीको दिन (असोज १६ गते) रिलिज हुने विज्ञप्तिमा उल्लेख छ ।

सुशान्त गौतमको निर्देशनमा बनेको यो फिल्ममा कामेश्वर चौरासिया, शिशिर वाङ्देल, सरिता गिरी, गौमाया गुरुङ, लक्ष्मी बर्देबा, किरण श्रेष्ठ लगायतको अभिनय छ । शरद महतोको छायांकन रहेको फिल्मका निर्माताहरु विनोद पौडेल र गुञ्जन गिरी हुन् । रमेश चौलागाईं र हरि श्रेष्ठ सह-निर्मातामा छन् । विनोद र रमेश सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी'का निर्माता हुन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### जेनजी युवाको प्रदर्शन:

# हेटौंडा उपमहानगरको ११ गाडी, २१ मोटरसाइकल जल्यो

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ जेनजी युवाहरुको प्रदर्शनको क्रममा हेटौंडा उपमहानगरपालिकाको भवन तथा सवारी साधनमा ठूलो क्षति भएको छ ।

प्रदर्शनकारीले भदौ २४ गते गरेको तोडफोड र आगजनीले पालिकामा ठूलो क्षति भएको छ । प्रदर्शनकारीले हेटौंडा उपमहानगर पालिका परिसरमा रहेका साना ठूला आधा दर्जन भवन र दुई दर्जनभन्दा धेरै सवारीसाधनमा आगजनी गरेर क्षति पुऱ्याएका छन् । उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत भरत गौतमले आन्दोलनको क्रममा उपमहानगर पालिकाको भवनसहित ११ वटा गाडी र २१ वटा मोटर साइकल जलेर नष्ट भएको जानकारी दिए । 'जेनजी आन्दोलनको पहिलो दिन भदौ २३ गते केही भएको थिएन । दोस्रो दिनको आन्दोलनको सुरुवातमा पनि जेनजी युवा उपमहानगर अगाडि आएर भाषण गरेर आन्दोलनको सुरुवात गरेका थिए', गौतमले भने, 'दोस्रो दिनको आन्दोलनमा पनि ती युवाले उपमहानगरपालिकामा तोडफोड गर्नु हुँदैन भनेर फर्किएका थिए ।'



तर, जेनजी भन्दा बाहिरका युवा आएर दोस्रोपटक तोडफोड सुरु गर्दा पनि जेनजीका युवाले फर्काएर पठाएका थिए । तेस्रोपटकको आक्रमणमा भने ती व्यक्तिहरुले ढुंगामुढा र आगजनी गरेका हुन् । जेनजी प्रदर्शनीमा अराजक समूहले उपमहानगरका महत्वपूर्ण कागजात जलाएर खरानी बनाइदिएपछि कसरी सञ्चालन गर्ने चुनौती थपिँदै गएको छ । यद्यपी अहिले उपमहानगरका सरसफाइकर्मीले परिसर वरपर सरसफाइका काम गरिरहेका छन् । प्रमुख प्रशासकीय अधिकृत गौतमका अनुसार उपमहानगरको राजश्व महाशाखा, न्यायिक समितिको पूर्वाधार, स्वास्थ्य शाखा र सामाजिक विकास महाशाखा पूर्णरुपमा ध्वस्त भएको छ ।

उपमहानगरप्रमुख मीना कुमारी लामा र उपप्रमुख राजेश बानियाँको कार्यकक्षमा तोडफोड गर्नुका साथै आवश्यक कागजात, कम्प्युटर टेलिफोन फर्निचर तोडफोड गरी जलाइएको छ । गौतमका अनुसार उपमहानगरको १९ वटा वडामध्ये ६ वटा वडा पूर्णरुपमा क्षति पुगेको छ । उपमहानगरका ३, ४, १०, ११, १५ र १९ नम्बर वडा पूर्णरुपमा क्षति भएका छन् भने १३ नम्बर वडामा तोडफोड भएको छ । उनका अनुसार शनिबार हेटौंडा उपमहानगरका सामाजिक विकास महाशाखा प्रमुख डा. भीमप्रसाद तिमल्सिनाको नेतृत्वमा क्षतिको विवरण संकलन गर्न समिति बनेको छ ।

उपमहानगरको भवनमा आगो लगाउने र तोडफोड गर्नेहरुको सामाजिक सञ्जालमा भिडियोहरु सुरक्षित रहेको भन्दै कारवाहीको दायरमा सम्बन्धित निकायमा पठाउने तयारी भईरहेको उनले बताए । चाँडो भन्दा चाँडो उपमहानगर वासीलाई भवनवाटै सेवा दिनका लागि तयारी गरिरहेको उनले जानकारी दिए । तत्कालका लागि आवश्यक कम्प्युटर र फर्निचरको व्यवस्था गरेर सोमबारदेखि सेवा सुरु गर्न लागिपरेको प्रमुख प्रशासकीय अधिकृत गौतमले बताए । जेनजी पुस्ताले सुशासनको पक्षमा आन्दोलन गरेको भन्दै उपमहानगरबाट दिने सेवाप्रवाहमा सुधार गर्दै जाने प्रतिवद्धता उनले व्यक्त गरेका छन् ।

### उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन हुने

# जेनजी स्मारक पार्क बनाउने




साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/जेनजी प्रदर्शनको क्रममा भएका घटनाको बारेमा छानबीन गर्नका लागि उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय भएको छ ।

सोमबार बसेको मन्त्रि परिषद् बैठकले सैद्धान्तिक निर्णय गरेको र यसको संरचना कस्तो हुने भन्नेबारे टुंगो लाग्न बाँकी रहेको गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । 'जुन जनधनको क्षति भयो । ज्यादती भयो । यसको उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गर्ने निर्णय भएको छ,' उनले भेन, 'त्यसको प्रतिवेदनको आधारमा अघि बढ्ने सैद्धान्तिक निर्णय भएको हो ।' उनले आयोगमा को को हुने भन्नेबारे टुंगो नलागेको बताए । सकेसम्म पूर्वन्यायाधीश नै आयोगको संयोजक हुनेगरी अघि बढ्ने आशा उनले व्यक्त गरे ।

'पूर्वन्यायाधीश नै हुनुहुन्छ होला । उपयुक्त व्यक्ति छान्नुपर्ने छ । अहिले टुंगो लागेको छैन,' गृहमन्त्री अर्यालले भने । यसैगरी सरकारले जेनजी आन्दोलनमा मारिएकाहरुको सम्झनामा जेनजी स्मारक पार्क बनाउने भएको छ । जेनजी आन्दोलनका क्रममा मारिएका शहीदहरुको सम्झनामा पार्क बनाउने सैद्धान्तिक निर्णय भएको मन्त्री अर्यालले बताए । उनले सञ्चार कर्मीसँग भने, 'जेनजी आन्दोलनमा मारिएकाहरुको सम्झनामा जेनजी स्मारक पार्क बनाउने सैद्धान्तिक निर्णय भएको छ । तर, ठाउँ अहिले यकिन भइसकेको छैन ।'

बैठकले असोज १ गते शोक दिवस मनाउने निर्णय गरेको छ । मृतकका परिवारलाई जनही १० लाख राहत र अन्य खर्चका लागि पाँच लाख गरी १५ लाख रुपैयाँ प्रदान गर्ने बैठकले निर्णय गरेको छ । अर्थ मन्त्रालयमार्फत गृह मन्त्रालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट राहत वितरण गरिने उनले जनाए । यस्तै, घाइतेहरुको नि:शुल्क उपचार गर्ने निर्णय भएको उनले बताए । यसैगरी सरकारले अघिल्लो मन्त्रिपरिषद् बैठकमा निर्णयका लागि पेश भएका सबै प्रस्ताव फिर्ता गरेको छ ।

जेनजी प्रदर्शनको बलमा प्रधानमन्त्री नियुक्त भएकी सुशीला कार्की नेतृत्वको सरकारले अघिल्लो सरकारले निर्णयका लागि पेश गरेका सबै प्रस्ताव सम्बन्धित मन्त्रालयमै फिर्ता पठाउने निर्णय गरेको हो । 'अघिल्लो मन्त्रिपरिषद् निर्णयका लागि पेश भएको प्रस्ताव सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने निर्णय भएको छ,' गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । गत भदौ २३ र २४ गते भएको जेनजीको प्रदर्शन उग्र बन्दै गएपछि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएका थिए ।

## बुद्धचोकमा श्रद्धाञ्जली सहित दीपप्रज्वलन




साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/जेनजी आन्दोलनका क्रममा ज्यान गुमाएकाहरुको सम्झनामा हेटौंडाको बुद्धचोकमा सोमबार साँझ श्रद्धाञ्जलिसहित दीपप्रज्वलन गरिएको छ ।

गैरसरकारी संस्था महासंघ (गैसस) बागमती प्रदेश तथा जिल्ला समिति, नेपाल पत्रकार महासंघ बागमती प्रदेश तथा जिल्ला समिति, नेपाल बार एशोसिएसन, सामुदायिक वन उपभोक्ता महासंघ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ र जनजाति महासंघको संयुक्त आयोजनामा कार्यक्रम भएको हो । कार्यक्रममा उपस्थित विभिन्न संघसंस्थाका प्रतिनिधिले दीपप्रज्वलन गर्दै एक मिनेट मौनधारण गरी दिवंगत आत्माप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए । गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले देशका विभिन्न स्थानमा भएको आन्दोलनले ठूलो क्षति पुऱ्याएको स्मरण गर्दै त्यस क्रममा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जलि प्रकट गरिन् ।

## हेटौंडाको गुन्द्रुक विदेशसम्म, गुन्द्रुककै कमाइबाट परिवार धान्दै

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ हेटौंडा-१२ मा रहेको कञ्चनजंघा कृषि सहकारीमा आबद्ध महिलाको सामूहिक प्रयास र मेहनतले उत्पादन गरेको गुन्द्रुकले स्वदेशदेखि विदेशसम्म राम्रो बजार पाएको छ ।

गुन्द्रुक उत्पादनले सहकारीमा आवद्ध महिलालाई आर्थिक रुपमा सबल बनाउनुका साथै हेटौंडालाई गुन्द्रुक उत्पादनको प्रमुख केन्द्रकारुपमा स्थापित गरिरहेको छ । हेटौंडा उपमहानगरपालिकाबाट प्राप्त बीउपुँजीको सहयोगमा १५ कठ्ठा जग्गा भाडामा लिएर सागखेती सुरु गरिएको थियो । यसबाट उत्पादन गरिएको गुन्द्रुकले उत्कृष्ट बजार पाउन थालेपछि माग धान्न गाह्रो भएको सहकारीकी अध्यक्ष चिनीमाया गुरुङले बताइन् । उनका अनुसार, यहाँ उत्पादित गुन्द्रुक नेपालका प्रमुख सहर काठमाडौं, पोखरा मात्र नभई युरोप, अस्ट्रेलिया, क्यानडा जस्ता मुलुकमा निर्यात हुने गरेको छ ।



माग धेरै भएपछि अहिले सागखेतीको लागि ३० कठ्ठा जमिन भाडामा लिइएको सहकारीकी कोषाध्यक्ष श्रेया गुरुङले बताइन् । एक सिजनमा मात्र साग उत्पादन हुने भएकाले अन्य समयमा मकै, धान जस्ता अन्नबाली लगाएर अतिरिक्त आम्दानी लिइने गरिएको छ । माग निरन्तर बढ्दै गएकाले सहकारीले यसवर्ष १ सय ५० घरधुरीलाई सागको विरुवा वितरण गर्ने योजना बनाएको छ ।

गुन्द्रुकसँगै सहकारीले भटमास मिसाएर सुक्खा अचार उत्पादन गर्ने काम पनि थालेको छ । सहकारीमार्फत महिलाले गुन्द्रुक सुकाउने, प्याक गर्ने र लेबलिङ गर्ने जस्ता कार्य सामूहिकरुपमा गर्दछन् । पहिले घरखर्च चलाउन पनि मुस्किल हुने अवस्थामा रहेका महिला अहिले गुन्द्रुककै कमाइबाट परिवार धान्न र छोराछोरीको पढाइ खाजाखर्च जोहो गर्न सक्षम भएका छन् । हेटौंडा उपमहानगरपालिकाले महिलालाई आत्मनिर्भर बनाउने अभियान अन्तर्गत गुन्द्रुक उत्पादनलाई विशेष प्राथमिकता दिएको छ ।

नगरप्रमुख मीनाकुमारी लामाले गुन्द्रुक हेटौंडाको पहिचान बन्दै गएको बताउँदै वडानम्बर १४ मा पनि व्यावसायिकरुपमा गुन्द्रुक उत्पादन सुरु गर्ने तयारी भइरहेको जानकारी दिइन् । हाल बजारमा यहाँको गुन्द्रुक प्रतिकिलो ४ सय रुपैयाँमा बिक्री भइरहेको छ । अहिलेसम्म १५ क्विन्टल भन्दा बढी गुन्द्रुक बिक्री भइसकेको छ ।

## साहित्यकार छवि अनित्यको 'बाल महाभारत' सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ साहित्यकार छवि अनित्यको चौथो कृतिस्वरुप 'बाल महाभारत' पुस्तक सार्वजनिक गरिएको छ ।

'गोकु', 'नारुतो' जस्ता एनिमेटेड पात्रतर्फ आकर्षित हुँदै गएका नयाँ पुस्तालाई पूर्वीय साहित्यको महानतम ग्रन्थ महाभारतका पौराणिक पात्रहरुसँग परिचित गराउने उद्देश्यले पुस्तक तयार गरिएको लेखक अनित्यले बताएका छन् । विशेषगरी कक्षा ६ देखि माथिका बालबालिकालाई लक्षित गरिएको पुस्तकमा महाभारतका १८ वटै पर्वका मूल कथालाई सरल र आकर्षक भाषामा संक्षेपमा प्रस्तुत गरिएको छ ।

पुस्तकमा चित्रकार रवि मिश्रद्वारा तयार गरिएका आकर्षक चित्रहरुले बालबालिकालाई कथासँग अझ नजिक बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

लेखक अनित्यका अनुसार चाडपर्वको फुर्सदिलो समयमा यस पुस्तकको अध्ययनले बालबालिकामा पौराणिक ज्ञान र संस्कृतिप्रतिको रुचि बढाउने विश्वास लिइएको छ । कलम प्रकाशन, काठमाडौंले प्रकाशित गरेको 'बाल महाभारत' २९८ रुपैयाँमा बजारमा उपलब्ध रहेको लेखक अनित्यले बताए ।

## मकवानपुरमा २२५ क्याप्सुल ट्रामाडोलसहित युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ मकवानपुर प्रहरीले २ सय २५ क्याप्सुल लागूऔषध ट्रामाडोलसहित एक युवकलाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा हेटौंडा उपमहानगर पालिका-११, थानाभञ्याङ सिमलटार क्षेत्रमा बस्ने २३ वर्षीय अजय रिजाल रहेका छन् ।

भदौ २९ गते राति हेटौंडा उपमहानगरपालिका-११, थानाभञ्याङ सिमलटारक्षेत्रमा लागूऔषध कारोवार भइरहेको भन्ने विशेष सूचनाका आधारमा खटिएको प्रहरीटोलीले रिजाललाई खानतलासी गर्दा प्रतिबन्धित ट्रामाडोल क्याप्सुल बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्याम अर्यालले जानकारी दिए । प्रहरीले बरामद गरेको २२५ क्याप्सुलसहित रिजाललाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट म्याद थप अनुमति लिई लागूऔषध सम्बन्धी मुद्दामा थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा**

**जनहितमा जारी सन्देश !**

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा पर्सा रौतहट लगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानी जन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन साथै गर्मि तथा बर्षायामसँगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (OutBreak) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ । झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) इन नदिन विभिन्न उपायहरु जस्तै: काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रो संग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडा लाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तै: दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिँगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ । याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग जनस्वास्थ्य कार्यालय मकवानपुर सम्पर्क गरौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

**होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार,

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिँदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न:

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना